म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्कः- ३१ २०८० पुस ३ गते मंगलबार 19 December 2023, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)

हेटौंडा-१, ब्लडबैंकअगाडि

## सरकारले स्रोतको सदुपयोग गर्न सकेनः पूर्वमुख्यमन्त्री पौडेल



*मेलाको उद्घाटन समारोहलाई सम्बोधन गर्नुहुँदै पूर्व मुख्यमन्त्री डोरमणि पौडेल*

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले सरकारले भएका स्रोत साधनलाई सही ढङ्गबाट सदुपयोग गर्न नसकेको बताउनुभएको छ। सोमबार हेटौंडा उपमहानगरपालिका वडा नम्बर १० ले आयोजना गरेको घरेलु उत्पादन, कृषि उपज प्रदर्शनी मेला तथा सांस्कृतिक नृत्य प्रतियोगितालाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

पूर्वमुख्यमन्त्री पौडेलले अहिले सरकारले उत्पादन भएका वस्तुहरुको बिक्रीका लागि बजारको ग्यारेन्टी गर्न नसक्दा कृषकहरु मारमा परेको बताउनुभयो। देशको राष्ट्रिय नीति कमजोर हुँदा सबै क्षेत्र पछि परेको उहाँले बताउनुभयो । सरकारी तहबाट नै उद्यमीहरुले उत्पादन गरेको वस्तुहरुको प्रयोग गर्न सुरु गरेर उत्पादनमा जोड दिनुपर्ने उहाँले बताउनुभयो ।

मकवानपुरको चिनारी काठको ठेकी भएकाले उद्यमीहरुले यसको उत्पादन गर्नुपर्ने उहाँको भनाइ छ । अहिलेको सरकारले सीपको विकास तथा अन्य पक्षको विकासका कार्य गर्न नसकेको बताउनुभयो । हेटौंडा उपमहानगरपालिकाका प्रमुख र उपप्रमुख उक्त कार्यक्रममा सहभागी नभएपछि उहाँले स्थानीय सरकार यसप्रति जिम्मेवार नबनेको बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेशसभा सदस्य भारती पाठकले उद्यमीहरुले आफ्नो सीपलाई अगाडि बढाउन आवश्यक रहेको बताउनुभयो । उद्यमीहरुले आफ्नो सीपलाई अगाडि नबढाउँदा र सरकारले यसप्रति ध्यान नदिँदा अहिले सबै वस्तुमा परनिर्भर हुन बाध्य भएको पाठकले बताउनुभयो । सरकारले उद्यमीहरुलाई हौसला बढाएर उत्पादनसँग जोड्नुपर्ने उहाँको भनाइ छ। उत्पादनसँग जोडेपछि रोजगारी सिर्जना हुने र युवाहरु विदेश पलायन हुनुपर्ने अवस्था हट्दै जाने उहाँले बताउनुभयो ।

मेलाको अवसरमा वडाले एसईई परीक्षामा उत्कृष्ट नतिजा ल्याउने ज्ञानदा माविकी जेनुका यादव र सपना ग्लेनलाई नगदसहित सम्मान गरेको छ । यस्तै वडाले कुशल कलाकारिता सम्मानबाट आशाकाजी श्रेष्ठ र लोकगायक सोमबहादुर घलानलाई नगदसहित सम्मान गरेको छ । मेलामा ३० स्टलमा टोल विकास समिति, आमा समूह र उद्यमी समूहले उत्पादन गरेको सामग्रीहरु राखिएको छ ।

हेटौंडा-१० का वडाध्यक्ष फुर्वा दोर्जे लामाको सभाध्यक्षतामा भएको कार्यक्रममा संविधानसभा सदस्य अनन्त पौडेल, नेकपा एमालेका केन्द्रीय सदस्य रामेश्वर राना, बागमती प्रदेशसभा सदस्य एकालाल श्रेष्ठ, हेटौंडा उपमहानगर पालिकाका निवर्तमान प्रमुख हरिबहादुर महतलगायत विभिन्न टोल विकास समितिका पदाधिकारीहरुको आतिथ्य रहेको थियो ।

## हेटौंडा फुटबल एकेडेमी पराजित

समाज संवाददाता

हेटौंडाः दोस्रो रत्नप्रिय कप फुटबल प्रतियोगितामा हेटौंडा एकेडेमी पराजित भएको छ। चितवन जिल्लाको रत्ननगर नगरपालिका वडा नम्बर ९ र रत्नप्रिय क्लबलको संयुक्त आयोजनामा भएको प्रतियोगिताको सेमिफाइन खेलमा एकेडेमी पराजित भएको हो ।

आइतबार रत्ननगरको टिकौली चौरमा भएको सेमिफाइन खेलमा प्याराडाइन युवा क्लब सिसुवारसँग फुटबल एकेडेमी ४-० गोल अन्तरले पराजित भएको थियो । सेमिफाइनल खेलमा विजयी भएसँगै प्याराडाइन युवा क्लब फाइनलमा प्रवेश गर्न सफल भएको छ ।

खेलको म्यान अफ द म्याच सन्तबहादुर गुरुङ घोषित भएका छन् । प्रतियोगितामा १० वटा टिमहरुको सहभागिता रहेको छ।

## नगरप्रमुख लामा नियमित काममा फर्किइन्

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामा नियमित काममा फर्कनु भएको छ । अफ्रिकी मुलुक रुवान्डामा विश्व पानी संगठनको आयोजनामा भएको कार्यक्रममा सहभागी भएर नगरप्रमुख लामा शनिबार स्वदेश फर्कनु भएको नगरप्रमुखको सचिवालयले जनाएको छ ।

आइतबार बिहानदेखि नगरप्रमुख लामा नियमित काममा फर्कनु भएको छ । सरसफाई र पानीको संरक्षण र सुरक्षाको विषयमा अन्तर्राष्ट्रिय कार्यशालामा सहभागी भएर फर्किएको नगरप्रमुख लामाले जानकारी दिनुभएको छ । मंसिर २४ गतेदेखि ४ दिने कार्यशालामा सहभागी हुन नगरप्रमुख लामालाई खानेपानी तथा सरसफाईको क्षेत्रमा क्रियाशील संस्था इन्फोले सहजीकरण गरेको थियो ।

४ दिने कार्यशालामा सहभागी हुँदा दिसाजन्य फोहरसहित फोहर व्यवस्थापन र पानीको सदुपयोग र संरक्षणको क्षेत्रमा काम गर्नुपर्ने विषयमा उल्लेखनीय जानकारी प्राप्त भएको नगरप्रमुख लामाले बताउनुभएको छ ।

ENTRANCE EXAMINATION
FOR THE ADMISSION TO:

MBS Master of Business Studies

ENTRANCE EXAM APPLICATION FORM DEADLINE
POUSH 06, 2080



Hetauda School of Management and Social Sciences

"कडा अनुशासन, स्तरीय शिक्षा"

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

## हेटौंडा क्याम्पसले पायो क्युएए




*क्युएए प्रमाणपत्र ग्रहण गर्दै हेटौंडा क्याम्पसका अध्यक्ष आनन्दराम पराजुलीसहितको समूह ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसले गुणस्तर सुनिश्चितता प्रत्यायन प्रमाणपत्र (क्युएए) प्राप्त गरेको छ । आइतबार विश्वविद्यालय अनुदान आयोगले हेटौंडा क्याम्पसलाई क्युएए प्रदान गरेको क्याम्पसका सहायक प्रमुख देवीराम लामाले बताउनुभयो । भक्तपुरस्थित आयोगको कार्यालयमै भएको कार्यक्रममा आयोगका अध्यक्ष प्राध्यापक डा. देवराज अधिकारीले हेटौंडा क्याम्पस सञ्चालक समितिका अध्यक्ष आनन्दाराम पराजुलीलाई क्युएए प्रमाणपत्र प्रदान गर्नुभयो ।

विभिन्न शैक्षिक गतिविधि र सूचकहरु पार गर्दै हेटौंडा क्याम्पसले क्युएए प्राप्त गर्न सफल भएको सहायक प्रमुख लामाले बताउनुभयो। यसअघि मकवानपुर जिल्लाको मकवानपुर बहुमुखी क्याम्पस र हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसले क्युएए प्राप्त गरिसकेको छ। विश्वविद्यालय अनुदान आयोगबाट क्युएए प्राप्त गर्ने हेटौंडा क्याम्पस ८३ औं क्याम्पस हो । आयोगबाट क्युएए प्राप्त गर्नुलाई अन्तर्राष्ट्रियस्तरको शैक्षिक गुणस्तर सुनिश्चितता भएको मानिन्छ ।

विश्वविद्यालय अनुदान आयोगले क्युएए प्रदान गर्ने क्रममा सामुदायिक क्याम्पसको हकमा क्षमता विकास तथा भौतिक संरचना सुधारका लागि अनुदान समेत दिने गरेको छ । क्युएए प्राप्तिकै क्रममा हेटौंडा क्याम्पसले आयोगबाट भवन निर्माणका लागि अनुदान समेत प्राप्त गरेको छ । शिक्षा, मानविकी र व्यवस्थापन संकाय अध्ययन अध्यापन हुने क्याम्पसमा अहिले १ हजार ५ सय भन्दा बढी विद्यार्थी अध्ययनरत छन् ।

क्युएए प्रमाणपत्र वितरण गर्ने कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका उपकुलपति शिवलाल भुसाल, हेटौंडा क्याम्पसका कार्यवाहक प्रमुख बालकृष्ण शर्मा, निवर्तमान क्याम्पस प्रमुख देवचन्द्र मानन्धर, हेटौंडा क्याम्पस सञ्चालक समितिका निवर्तमान अध्यक्ष मुनु सिग्देल र क्याम्पस सञ्चालन समितिका पदेन सदस्य एवम् हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देल, पब्लिक क्याम्पस प्राध्यापक संघ हेटौंडा क्याम्पस इकाईका अध्यक्ष भुपेन्द्र कोइराला, स्ववियु सभापति अभि मैनालीको पनि उपस्थिति रहेको थियो । क्युएए प्रमाणपत्र ग्रहण गर्न हेटौंडा क्याम्पसका सञ्चालक, प्रशासक, प्राध्यापक, कर्मचारी, विद्यार्थीको समूह नै काठमाडौं पुगेको थियो ।

मेला हेर्न

बृहत खेलकुद तथा व्यापार महोत्सव २०८०

हेटौंडा आऔं

पौष ५ गते देखि पौष १७ गतेसम्म

हेटौंडा-१०, टीसीएन चौर

स्टल बुकिङका लागि
९८५५०६८८७३, ९८५१०५३८०१

मुख्य आकर्षणहरु :

-विभिन्न १३ विधामा जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता
-दैनिक राष्ट्रिय तथा स्थानीय कलाकारको प्रस्तुती
-चर्चित लोक गायक/गायिकाद्वारा लाइभ दोहोरी
-खुल्ला नृत्य प्रतियोगिता
-परम्परागत तथा जिल्लाको संस्कृति झल्किने गरी जात जातिहरुको भेषभुषाको झाकी एवं कला प्रदर्शन ।
-अटोमोबाइल प्रदर्शनी,
-लत्ता कपडा तथा भाँडाकुँडा प्रदर्शनी,
-अन्तराष्ट्रिय स्तरको बाल उद्यान(रोटे पिङ, ड्रयागन, मारुती सर्कस, ब्रेक डान्स, भुत .घर, चिडिया घर र बच्चाहरुको खेलौना)
-राष्ट्रिय तथा स्थानिय खानाको प्रदर्शनी,

दैनिक विभिन्न खेलकुद प्रतियोगिता

खेल स्रष्टा सम्मानित

प्रवेश शुल्क
विद्यार्थी :रू ५०
सर्वसाधारण : रू७०



मुख्य आयोजक
मकवानपुर जिल्ला खेलकुद विकास समिति हेटौंडा

आयोजक
औद्योगिक शान्ति नेपाल संस्था

सम्पादकीय

# मानवसेवामा टेवा

वि.सं २०८२ सालसम्म मुलुकलाई सडक मानवमुक्त बनाउने अभियान अघि बढाइरहेको मानवसेवा आश्रमको केन्द्रीय कार्यालय भवन उद्‌घाटन भएको छ । नेपाल सरकारका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले शनिबार हेटौंडामा रहेको आश्रमको केन्द्रीय कार्यालय भवन उद्‌घाटन गरेका हुन् । मानवसेवा आश्रमको अभिभावकत्व सरकारले ग्रहण गर्ने प्रधानमन्त्री प्रचण्डको भनाइ छ । उनले आश्रमको कामलाई प्रभावकारी बनाउन तथा विस्तार गर्न सातवटै प्रदेशमा भवन निर्माण गर्न सहयोग गर्ने बताएका छन् । सडक मानवको उद्धारका लागि ७ वटा सवारी साधन उपलब्ध गराउन पहल गर्ने आश्वासन पनि प्रधानमन्त्रीले दिएका छन् । आश्रममा आश्रित नागरिकलाई प्रतिव्यक्ति प्रतिमहिना १० हजार रुपियाँका दरले राज्यले नगद उपलब्ध गराउनका लागि व्यवस्थापनको जिम्मेवारी लिने प्रधानमन्त्री प्रचण्डले बताएका हुन् । नेपालको संविधानले नेपाली जनतालाई शिक्षा, स्वास्थ्य र रोजगारीको हक प्रदान गरे पनि सरकारले त्यसको प्रत्याभूत गर्न नसकेको अवस्थामा मानवसेवा आश्रमले ठूलो काम गरिरहेको प्रधानमन्त्रीको भनाइ छ ।

मकवानपुरको हेटौंडामा २०६९ सालमा स्थापना भएको मानवसेवा आश्रमले देशभर सहयोगापेक्षी सडकमानवको उद्धार गर्दै पालनपोषण तथा पुनर्मिलन गर्दै आएको छ । सडकमानव उद्धार गरी पालनपोषण गर्ने तथा पारिवारिकरुपमा पुनर्मिलन गराउने उद्देश्यले क्रियाशील मानवसेवा आश्रमको हेटौंडामा मुख्यालय निर्माण गरिएको छ । आश्रमले देशका विभिन्न जिल्लामा आश्रम स्थापना गरेर सहयोगापेक्षी सडक मानवमुक्त अभियानलाई तिब्रता दिइरहेको छ । शहर बजारका सडकहरुमा कष्टकर जीवनयापन गरिरहेका सहयोगापेक्षीहरुलाई आफ्नो आश्रममा आश्रय दिएर अभियानलाई साकार बनाउन मानवसेवा आश्रमले देशभर २४ वटा सेवाकेन्द्रबाट सेवा दिँदै आएको छ । बागमती प्रदेशमा ६ वटा, गण्डकी प्रदेशमा ५ वटा, लुम्बिनी प्रदेशमा ४ वटा र मधेश प्रदेशमा ३ वटाका साथै कोशी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा एक-एक वटा मानवसेवा आश्रम रहेको छ । ती आश्रमहरु विभिन्न १९ वटा जिल्लामा खोलिएका छन् । देशका विभिन्न जिल्ला तथा प्रदेशलाई सहयोगापेक्षी सडक मानवमुक्त घोषणालाई मानवसेवा आश्रमले निरन्तरता दिँदै आएको छ । आश्रमले करिब ५ वर्षअघि २०७५ फागुन ४ गते मकवानपुर जिल्लालाई देशकै पहिलो सहयोगापेक्षी सडक मानवमुक्त जिल्ला घोषणा गरेर अभियान सुरु गरेको थियो ।

मानवसेवा आश्रमले १ हजार ५ सय ८१ जना उद्धार गरेकोमा ८ सय ३६ जनाको पारिवारिक पुनर्मिलन गराएको छ । १ सय ८४ जनाले आश्रममै शरीर शान्त पारेका छन् भने ४ सय २० जनाले स्वेच्छाले आश्रम छाडेका छन् । ५१ जनाको सामुदायिक पुनर्मिलन गरेको र ३४ जनाको पुनः उद्धार गरेको छ । केही समयअघि मानवसेवा आश्रम हेटौंडाले मेची-महाकाली अभियान सञ्चालन गरी ३०२ जना सडकमानवको उद्धार गरेको थियो । मानवसेवा आश्रम हेटौंडामा २१ जना बालबालिका, ७६ जना महिला र १०७ जना पुरुष गरी २०४ जना आश्रित छन् । आश्रमको हेटौंडास्थित केन्द्रीय कार्यालय भवन करिब १४ करोड रुपैयाँको लागतमा निर्माण गरिएको छ । आश्रमको भवन अपाङ्गमैत्री रहेको छ ।

मानवसेवा आश्रमले आफ्ना गतिविधिलाई मानवता प्रवर्द्धन महाअभियानका रुपमा अघि बढाइरहेको छ । कुनै पनि मानिस सडकमा कष्टकर जीवनयापन गर्ने अवस्थामा आइपुग्नु भनेको मानवताको विपरित हुन्छ । हरेक मानवले सुरक्षितरुपमा जीवनयापन गर्नपाउने जन्मसिद्ध अधिकार भए पनि गाउँबस्ती तथा शहरमा सहयोगापेक्षी मानव भेटिनु दुःखद् अवस्था हो । विविध कारणले सडकमा आइपुगेका मानिसको उचित व्यवस्थापन गर्न मानवसेवा आश्रम र यसले सञ्चालन गरेको अभियान सार्थक बनिरहेको छ । आश्रमको अभियानलाई प्रभावकारी बनाउँदै सहयोगापेक्षी सडक मानवमुक्त देश बनाउन तीनै तहको सरकारको विशेष चासो र लगानी आवश्यक छ । विगतमा जस्तै विभिन्न सहयोगी संघसंस्था तथा व्यक्तिहरुले पनि आश्रमको अभियानलाई सहयोग गरेमा मानवसेवामा टेवा पुग्ने निश्चित छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५


**मेष** : हिम्मत र साहसले कामहरु बन्ने योग रहेको छ ।
**वृष** : जोखिम र संकटले काममा पूर्णता होला ।
**मिथुन** : आनन्द, उल्लास र भोजभतेरमा समय बित्ला ।
**कर्कट** : मनोद्वेग र रिसराग बढ्ने समय योग छ ।
**सिंह** : अध्ययन–अध्यापनका कामहरु ठिकै रहलान् ।
**कन्या** : समस्या पहिचान गरेर मात्र अगाडि बढिएला ।
**तुला** : प्रतिस्पर्धी पराजित हुने समय योग छ ।
**वृश्चिक** : धार्मिक र सामाजिक काममा पराजित भइएला ।
**धनु** : आत्मबलले कामना पूर्णता प्राप्त होला ।
**मकर** : परहितका लागि लगानी गरिने समय योग छ ।
**कुम्भ** : असजिला मानिएका विषयमा संवोधन होला ।
**मीन** : भूमि सम्बन्धी कारोबारमा मन जाने छ ।

# युवा किन देशमा बस्न चाहेको छैन ?

**घरमा युवा नभएर बिरामी, साह्रोगाह्रो र मलामी जानेको संख्या निरन्तर कमी आइरहेको छ । सोचौं, मनन गरौं, व्यवहारमा उतारौँ– विदेशमा जति पढे पनि, नपढे पनि गर्न सबै कुरा मिल्ने अनि नेपालमा गर्न नमिल्ने हुन्छ र ? त्यति नै काम र क्षेत्र ओगट्ने हो भने यहाँको मोज र आनन्ददायी जीवन अरु कुनै देशमा होला त !**



✍ रुद्रप्रसाद भट्टराई




के गाउँ के सहर, कठिन भौगोलिक अवस्थादेखि सरल भूगोलसम्मका युवाहरुको अहिले एउटै स्वर छ–देशमा बस्ने वातावरण छैन, नेता सुध्रँदैनन्, प्रणाली अस्थिर छ, महँगीले डाँडा काटेको छ, रोजगारी र स्थायित्वका लागि विदेश । नेपालबाट खाडी राष्ट्रहरु, मलेसिया, दक्षिण कोरिया, जापान, अमेरिका, क्यानडा, अस्ट्रेलिया, डेनमार्कजस्ता देशहरुमा रोजगारी र पढाइको नाममा त्यसतर्फको भीड थामिनसक्नु छ ।

कामको अवधि सकिएपश्चात् खाडी राष्ट्रहरु, मलेसिया, दक्षिण कोरियालगायतका मुलुकबाट जनशक्ति देश फिर्ता भएका छन् भने अन्य स्थानमा गएकाहरुको आगमन शून्यजस्तै छ । ज्ञान र दाम पहिलो देशका मानव संसाधनले पठाउन सकेका छन् भने अन्य देशबाट एकदमै न्यून रकम र ज्ञान देशभित्र प्राप्त भएको छ । साँच्चै भन्ने हो भने देश पूरै यही पहिलो पंक्तिका देशहरुबाट चलेको छ भन्दा फरक नपर्ला । अर्कातिर देश भित्रिएको रेमिटेन्स बढी अनुत्पादक र कम उत्पादनमूलक क्षेत्रमा खर्च भइरहेको अनेकौं तथ्यांकले प्रमाणित गरिसकेका छन् । योसँग हामी बेजानकार छैनौं ।

विदेश गएपछि सबै पाइने, यहाँ नगरेका काम सबै गर्न हुने, सामाजिक विचलन बिर्सने, सम्बन्ध-विच्छेद बढे बढोस्, बुबा-आमा र अन्य परिवार जसरी बाँचोस् जस्ता विविध पक्ष कुर्कुच्चामा राखेर हामी विदेश यात्रा र रोजगारीमा होमिएका छौँ । वैदेशिक यात्रालाई अवसर प्राप्तिको परिभाषाभित्र राख्न पुगेका छौँ । प्रत्येकको घरमा छोरा वा छोरीलाई थाम्ने अवस्थामा हामी छैनौँ । उत्तरको अभावमा हँमा हँ मिलाइरहेका छौँ । बच्चाको वयष्कता बिर्सिरहेका छौँ । पैसा र उज्ज्वल भविष्यका लागि अँध्यारो विदेशी पाटो छिपाइरहेका छौँ । आर्थिक वर्ष ०७९-८० मा १ सय ४४ मुलुकमा ४ लाख ९४ हजारभन्दा बढी युवा विदेश गएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा वैदेशिक रोजगार विभागको तथ्यांक छ ।

दुई डिजिटको खर्ब पनि देश भित्रिएको छ । गत कात्तिकमा मात्र ४३ हजार ६ सय २२ जना विदेश गएका छन् । विदेश जाने अहिले त दस जोड दुईका विद्यार्थी अधिक हुन थालेका छन् । यो उमेरमा विदेश पठाउन सक्षम र रोक्न असक्षम बन्दै गएका छौँ हामी । विदेशीले हाम्रो अवस्था र जवानीलाई उसकै देशमा पेलिइरहेको र जन्मघर फर्कन नदिएको, नागरिकतासँगै राष्ट्रियता बेचिरहेको हामीले बुझेर पनि बुझ पचाइरहँदा पनि हाम्रो यात्रा उतै तेर्सिएको छ । वैदेशिक रोजगार विभागलाई अत्याधुनिक बनाइरहेका छौँ, एजुकेसनल कन्सल्टेन्सी अनि मेनपावर सर्भिसेसलाई थप मलजल गरिरहेका छौँ । सरकार यसैमा व्यापार गरेर दल र कार्यकर्ता पालिरहेको छ । महँगी सर्वसाधारणमा थोपरिरहेको छ, जनतालाई त्राहिमाम पारिरहेको छ । महेश बस्नेत र दुर्गा प्रसाईंको भिडन्त गराएर ऊ मूकदर्शक बनेको छ ।

युवा गाउँमा बस्ने वातावरण नै हामीले बनाउन सकेका छैनौं । जसको ज्वलन्त उदाहरण हो, प्रवेशिका परीक्षा नसक्दै विदेशी मोहका गाथाहरु बुनिनु र अभ्यासमा त्यसैको वर्चस्व हुनु । विप्रेषणको वाहवाही बढ्नु अनि कृषि, वन र माछापालनजस्ता पेसा, जसले अहिले पनि ५०.१ प्रतिशतलाई धानेको छ, त्यो क्षेत्रलाई पछि पार्दै जानु । आर्थिक काममा संलग्न १ करोड ४९ लाख ८३ हजार ३ सय १० मध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्रमा ५७.३ प्रतिशत रहेका छन् । यसपछि क्रमशः थोक एवं खुद्रा व्यापार, मोटरगाडी तथा मोटरसाइकल मर्मतका कार्यहरुमा १२.५ प्रतिशत, निर्माणमा ८.१ प्रतिशत, अन्य सेवा प्रदान गर्ने क्रियाकलापहरुमा ३.९ प्रतिशत, औद्योगिक उत्पादनमा ३.८ प्रतिशत जनसंख्या संलग्न रहेका छन् । तर पनि हामी विदेशी भूमिको श्रम बजारको आकर्षणमा जीवन बेचिरहेका छौँ । खेत बाँझो राखेर अर्काको देशमा ओखर र काजु फलाइरहेका छौँ ।

नेपालमा श्रम आप्रवासनको लामो इतिहास छ । करिब २ सय वर्षदेखि नेपाली पुरुष (थोरै महिला) रोजगारीका लागि घर छाडेर विदेश गएका छन् । सन् १९३० को दशकमा संगठित उद्योगको सुरुवात भए पनि राष्ट्रिय संरचनाको रूप २०४७ पछि मात्रै बनेको थियो । पहिले पनि बेलायती, भारतीय सेनामा विदेश जाने गरेका थिए । अहिले ठूलो संख्यामा मजदुर विदेश जाने गरेका छन् । रेमिटेन्सले देशको कमजोर अर्थतन्त्रलाई टेवा अवश्य दिन्छ र दिएको पनि छ तर दिगो रोजगारी समाधान भने पक्कै होइन । नीति निर्माता र योजनाकारहरुद्वारा प्रभावकारी योजनाको बेवास्ताका कारण विदेशी भूमिमा स्वदेशी श्रमिक बेचिन बाध्य भएका छन् । यो क्रम निरन्तर बढ्दो र हुँदाहुँदा डरलाग्दो स्वरूपमा पुगेको छ । रहेका केही युवा पनि खुईखुई गरेर बस्नुपरेको छ ।

नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांकले भन्छ, विप्रेषण आप्रवाह ३० प्रतिशतले वृद्धि भई ३ सय ६५ अर्ब ३४ करोड पुगेको छ । वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत– नयाँ) लिने नेपालीको संख्या १ लाख १३ हजार ३ सय ९७ र पुनः श्रम स्वीकृति लिनेको संख्या ४९ हजार २ सय ९७ रहेको छ । उसले सहुलियत दरमा प्रदान गर्दै आएको पुनर्कर्जा २०८० असोज मसान्तमा १ अर्ब २० करोड लगानीमा रहेको बताए पनि नसक्नेको पहुँच पुगेको छ कि छैन, अत्तोपत्तो छैन । युवा देशमा थाम्न 'व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७' बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुर्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि प्रवाह भएको कर्जा २०८० असोज मसान्तमा ५० करोड ६६ लाख वक्यौता रहेको देखिएको छ र पनि युवा न रोकिएका छन्, न देशभित्रै वैकल्पिकता खोजेका छन्, खोज्ने वातावरण नै छ । मुद्रास्फीति ७.५० प्रतिशत रहेको छ । बैंकहरूको ब्याजदर घटे पनि बढ्दो महँगीले सामान्य जीवनमा सहजताको अनुभूति गर्न सकिएको छैन ।

देशको बजेट हेर्ने हो भने झन्डै ६० प्रतिशत विदेशी दाताको सहयोगमै बनेको छ । कति रकम त अनुदानमै प्राप्त भइसक्यो भने ऋण त वार्षिक अधिक उकालो यात्रामा छ । आर्थिक वर्षको भदौ मसान्तसम्म सरकारले तिर्नुपर्ने सार्वजनिक ऋण २३ खर्ब ९ करोड ८६ लाख ९६ हजार पुगेको छ । उक्त ऋणमध्ये ११ खर्ब ४० अर्ब ५३ करोड ३ लाख आन्तरिक ऋण रहेको छ भने ११ खर्ब ६९ अर्ब ३३ करोड ९३ लाख बाह्य ऋण रहेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्षको दुई महिनामै सरकारले ४९ अर्ब २३ करोड ३२ लाख ऋण थपेको छ । यस आधारमा हेर्ने हो भने नेपालको ऋण जिडिपीको ४३.५८ प्रतिशत हुन आउँछ । यता, नेपालको कुल जनसंख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ को आधारमा हेर्ने हो भने एक नेपालीको भागमा ७९ हजार २ सय १ रुपैयाँ ऋण पर्ने देखिन्छ ।

दाताले दिएको रकमले राम्रो काम गरेर त्यसको ऋण समयमा तिर्दै रकम कम गर्दै जानुपर्नेमा न रकमको दर घट्छ, न सीप र जीवनस्तरमा प्रगति हुन्छ । सफलताभन्दा असफलताका दुखान्तहरूमा वृद्धि आएको छ । देशभित्र रोजगारी गुम्दै गएको छ भने विदेशी भूमिको आकर्षणमा वृद्धि गराएको छ । देशमा रेमिटेन्सले २५ प्रतिशत बढी योगदान दिएको छ । देशका आर्थिक पक्षहरु अस्थिरताको मारमा परेका कारण विदेश नेपालीको साझा गन्तव्य बन्न पुगेको छ । ठूलासाना ६० हजारभन्दा बढी उद्योगले यी श्रमिक थाम्न सकेका छैनन् । विदेश यात्रा रोक्न सक्ने सरकारका गतिला कदम नहुँदा अवस्था झनै असहज हुँदै गइरहेको छ । उद्योग छैन, कृषिमा आधुनिकीकरण र संरक्षण छैन, सेवामा सन्तुष्टि छैन, ज्यालामा असमानता र न्यून छ, आर्थिक क्षेत्रमा विविधीकरण छैन अनि शासन प्रणाली अस्थिर छ । यसैको कारण पनि देश थप परनिर्भर हुँदै गएको छ । र पनि हामी अझै राहदानी बेच्नमै व्यस्त छौँ र भन्दै छौँ– 'सो बनाउन कुनै समस्या जनताले भोग्नु नपरोस् ।'

हरेक वर्ष ठूलो संख्यामा देशका श्रमशील र मेधावी युवा विदेश पलायन हुनु भनेको बाढीको भेलले जमिनको उर्वर माटो बगाएर लैजानुजस्तै हो । निश्चय नै यसरी युवा पलायनको भयावह अवस्था आउनुमा मुख्य जिम्मेवार पछिल्लो समयमा माथि उल्लेख गरिएकै कारणहरु हुन् । उच्च शिक्षा हासिल गरेकाहरूलाई देशमै उचित रोजगारी नपाउने अवस्था हो । बनेको जगमा काम गर्ने वातावरण सिर्जना नहुनु नै हो । कार्यकर्ता पालनपोषणभन्दा राजनीतिक दलहरु बाहिर निस्कन नसक्नु हो । स्वदेशमै रोजगारीको ग्यारेन्टी, सबै खालका श्रमको सम्मान र समाजिक सुरक्षाअन्तर्गत बेरोजगारलाई बाँच्न पुग्ने भत्ताको व्यवस्था नहुनु नै हो । असली कृषकलाई पाखा लगाउनु नै हो । समयमा गरिबले सहुलियत ऋण नपाउने अवस्था नै हो । उद्योग एवम् व्यापारमा विदेशी तथा स्वदेशीले पुँजी लगानी गर्ने वातावरण फराकिलो नभएका कारण नै अधिक युवाको रोजाइमा विदेश परेको सर्वविदितै छ । विश्वविद्यालयमा दिइने शिक्षा समाज र बजारसँगको तालमेलमा ठूलो शून्यता भएर नै हो । जसले गर्दा उच्च शिक्षा हासिल गर्नेहरु देशमै काम गरेर बस्ने वातावरण कम हुँदै जान थाल्यो । विश्वविद्यालयका पाठ्यक्रम तथा परीक्षा प्रणाली र समय व्यवस्थापनमा कमजोरी रह्यो । उच्च शिक्षालाई अनुसन्धानसँग र प्राज्ञिक अनुसन्धानलाई बजार र उद्योगसँग जोड्न हामीले सकेनौं ।

हामीले अझै कलिला अनुहारहरूलाई विदेश ठेलिरहेका छौँ । मेचुरिटीको अभावमा विदेशमा बच्चाहरु अलमलिन पुगेका छन् । आशा गरिएनुसारको विदेश हुँदैन र छैन भनेर जानिएका कुरा पनि हामीले बच्चालाई साझा गरेका छैनौँ र विदेशी भूत हटाउन सकेका छैनौँ । हामीले सरकार, शासन व्यवस्था र नेतृत्वलाई औँला उठाउन सकेका छैनौँ । कृषक, ज्याला-मजदुरीको मुख्य मुद्दा कुनामा थन्क्याएर सरकारले व्यापार गरेको राहदानी बेच्ने कार्यलाई नै सहयोग गरिरहेका छौँ । यही पारा हुने हो भने देश आमाबुबाको मात्र हुनेछ । युवा कोही पनि देशमा हुने छैनन् अनि अन्तकै युवा आएर देश चलाउनुपर्ने विषम अवस्था आउने पक्का देखिएको छ ।

यदि विदेशकै मात्र नाम फलाक्ने हो भने अब केही वर्षमा ठिङ्ग घर मात्र नेपालमा देखिन्छन्, बस्ने कोही हुने छैनन्, किनकि के गाउँ, के सहर सबै सुनसान बन्दै गएका दृश्य अहिले नै हाम्रा आँखामा छन् । घरमा युवा नभएर बिरामी, साह्रोगाह्रो र मलामी जानेको संख्या निरन्तर कमी आइरहेको छ । सोचौं, मनन गरौं, व्यवहारमा उतारौं– विदेशमा जति पढे पनि, नपढे पनि गर्न सबै कुरा मिल्ने अनि नेपालमा गर्न नमिल्ने हुन्छ र ? त्यति नै काम र क्षेत्र ओगट्ने हो भने यहाँको मोज र आनन्ददायी जीवन अरू कुनै देशमा होला त !

त्यसैले विदेशी भूत छाडौं, देशमै बसेर सबैलाई सुधारौं ।

*(स्रोतः कारोबारदैनिक)*

# सबै जात र धर्मको सम्मान आवश्यक छः नगरप्रमुख लामा




समाज संवाददाता

हेटौंडा: हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाले सबै मानिसहरुले सबै धर्मको सम्मान गर्न आवश्यक रहेको बताउनुभएको छ। सोमबार हेटौंडा नगर पाष्टर एसोसिएसनको आयोजनामा भएको खीष्टमस शुभकामना आदानप्रदान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले यस्तो बताउनुभएको हो।

उहाँले इसाई धर्मावलम्बीहरुले धेरै आशा र विश्वासका साथ खीष्टमस पर्व मनाउँदै आइरहेको कारण शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो। अहिले विज्ञान र प्रविधिको युगमा अरु धर्मजस्तै इसाई धर्मको पनि धेरै महत्व, हौसला, उत्प्रेरणा र आर्कषण बढ्दै गएकाले खीष्टमसको कार्यक्रममा पनि सबै धर्मका मानिसहरु सहभागी हुने गरेको बताउनुभयो।

सरकारले सबै जात, धर्म र वर्गलाई एकैरुपमा विकास गर्नुपर्ने भन्दै मेयर लामाले मानिसहरुले संविधानलाई सही ढंगले प्रयोग गर्नुपर्ने बताउनुभयो। इसाई धर्मावलम्बीहरुले गर्नुपर्ने धेरै कुराहरु रहेको र राज्यलाई विश्वास दिलाउनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो। विभिन्न चर्चहरुलाई कसरी स्थानीय तहमा, प्रदेशमा र संघका दर्ता गरेर लैजाने एवम् सूचीकृत गर्ने भन्ने कुरामा लागिरहेको नगरप्रमुख लामाको भनाइ छ।

अन्य धर्महरु जस्तै इसाई धर्मलाई पनि कसरी लैजाने भन्नेबारेमा नगर पालिकामार्फत् खोजी गरिरहेको उहाँले बताउनुभयो। धार्मिक व्यक्तित्व सँगसँगै देश तथा समाजमा केही गर्नका लागि उत्पादनमा जोड दिनुपर्ने, सिर्जनशील हुनुपर्ने उहाँको भनाइ छ। विभिन्न क्षेत्रमा पछाडि परेका व्यक्तिहरुको धर्म, जात, वर्ग नहेरी नगरपालिकामार्फत सहयोग गरिने उहाँले बताउनुभयो। खीष्टमस पर्वको शुभकामना व्यक्त गर्नुहुँदै नगर प्रमुख लामाले नगरपालिकामार्फत् कुनै धर्मलाई पनि भेदभाव नगरेर धार्मिक स्थलको निर्माणका लागि बजेट विनियोजन गरेको बताउनुभयो।


मकवानपुर इसाई आवाजका अध्यक्ष रामकृष्ण पन्थले एसुले दिएको शिक्षाले देशमा सकारात्मक परिवर्तन आएकाले आफ्नो राज चलाउन नपाउने भएकाले एहुदीहरु एसुको विरुद्धमा गएको बताउनुभयो। एकअर्कामा प्रेमको सन्देश साटासाट गरेर खीष्टमस मनाउनुपर्ने आवश्यकता उहाँले औंल्याउनुभयो।

कार्यक्रम नगर पाष्टर एसोसिएसनका अध्यक्ष अशोक अधिकारीको सभाध्यक्षता तथा नगरप्रमुख लामाको प्रमुख आतिथ्यमा भएको हो।

कार्यक्रममा नगर उपप्रमुख राजेश बानियाँ, वडा नम्बर ५ का वडा अध्यक्ष सुशील घिमिरे, जिल्ला समन्वय समिति मकवानपुरका सदस्य विष्णु थपलिया, मकवानपुर खीष्टियनका अध्यक्ष नवराज घलान, मकवानपुर इसाई आवाजका अध्यक्ष पन्थ, गैरसरकारी संस्था महासंघ बागमती प्रदेश अध्यक्ष आरती पाठक, मकवानपुर इसाइ समाजका सहसचिव अभिषेक उप्रेती, पास्टर सूर्य राई, नगर टोल विकास समन्वय समिति अध्यक्ष ध्रुव अधिकारीलगायतको उपस्थिति रहेको थियो।


# मकवानपुर बाल विद्या सदन

हेटौंडा-१८, खड्कुले





# सबै दल मिलेर काम गर्ने जनताको मत छः वर्षमान पुन




समाज संवाददाता

हेटौंडा: माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुनले जनाताले सबै दल मिलेर काम गर्न मत दिएको बताउनुभएको छ। जनतासँग माओवादी विशेष अभियानअन्तर्गत् हेटौंडा आइपुग्नुभएका पुनले सोमबार पत्रकारहरुसँग कुराकानी गर्दै यस्तो बताउनुभएको हो।

वर्तमान अवस्थामा पहिलो र दोस्रो पार्टी मिलेमात्र दुई दलको सरकार बन्ने नत्र ४-५ वटा दल मिलेर सरकार बन्ने भएकाले जनताले मिलेर काम गर्न भोट हालेको बताउनुभयो। वर्तमान अवस्थामा दलहरुको राजनीतिक संस्कार विकास गर्न नसकेको भन्दै पुनले संस्कारको विकास आवश्यक रहेको बताउनुभयो। पार्टी जनातामा जान र जनतासँग भेट्न जरुरी रहेको उहाँको भनाइ छ।

पुनले सत्तारुढ पार्टीले जनताको आवाजलाई सरकारसम्म पुऱ्याउने, सरकारका काम कारबाही र सीमाहरुलाई जनताको बिचमा पुऱ्याउने लोकतान्त्रिक प्रक्रिया भएको बताउनुभयो। सरकारको नेतृत्व गर्ने पार्टी माओवादी केन्द्रले सरकारको काम जनतामा पुऱ्याउने र जनताको समस्या सरकारसमक्ष पुऱ्याउने काम गरेको उहाँको भनाइ छ। पार्टीको रुपान्तरण, सदृढीकरण अभियान चौथो महिना चलेको र आगामी पुस १६ गते कार्यक्रमको अन्त्य गरिने उहाँले जानकारी दिनुभयो।

पार्टीले अभियानको क्रममा समाजमा जनसेवाको काम, विकास निर्माणको काम गर्दै जनतासँग जोडिने काम गर्दै आएको बताउनुभयो। पार्टी सञ्चालनको रुपमा भएका त्रुटीलाई सच्याउँदै, सुधार गर्दै पार्टीलाई जनताको निगरानीमा राख्ने र नेता कार्यकर्ताहरु जनतासमक्ष पुग्ने काम भइरहेको उहाँले बताउनुभयो। अभियानअन्तर्गत् पार्टीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड ७ प्रदेशका ७ वडामा पुग्ने भनिएकोमा ६ वटा प्रदेशका वडामा पुगेको जानकारी गराउँदै कोशी प्रदेशमा पुग्न बाँकी रहेको बताउनुभयो।

पार्टीका नेता कार्यकर्ता जनतासँग अन्तरक्रिया गर्दै विधिवतरुपमा सुधारको अभियानमा लागेको उहाँले बताउनुभयो। अभियानपश्चात् विधान सम्मेलन गरी वर्तमान सापेक्षित पार्टी निर्माण गर्ने धारणा व्यक्त गर्दै पुनले जनवर्गीय, पेसागत संगठन बनाउने माइलस्टोन रहेको बताउनुभयो। संगठन विस्तारपश्चात् सम्मेलन गरी वैचारिक बहसबाट समाजवादको नेपाली बाटो खोजिने उहाँको भनाइ छ।

वर्तमान सरकारले सुशासन, समृद्धि र सामाजिक न्यायको एजेण्डा बोकेकोमा पहिलो काम सुशासन कायम गर्न खोजेको तर घेराबन्दी गरी रोक्ने काम भइरहेको बताउनुभयो। संघीयतापश्चात् स्थानीय सरकारले कार्य गर्दै आएको भए पनि प्रदेश सरकारले अपेक्षाअनुसार काम गर्न नसकेको भन्दै प्रदेश निजामती ऐन प्रदेश सरकालाई प्रचण्ड सरकारमा आएपछि दिएको बताउनुभयो। संघीय सरकारमा ऐन, कानुन संशोधनको प्रक्रियामा रहेको र सरकारले प्रहरी समायोजन प्रदेशमा गर्ने बताउनुभयो।


के तपाइँ आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस्

०५७-५२६८३०

Email:sambridhasamaj@gmail.com



# हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७


## श्री चन्द्रोदय माध्यमिक विद्यालय

बहादुरगञ्ज, हेटौंडा-८, मकवानपुर

## शिक्षक आवश्यकता

*प्रथम पटक सूचना प्रकाशित मितिः २०८०/०९/०३ गते*

यस विद्यालयमा रिक्त निजीस्रोत कोटामा कम्प्युटर बिषय अध्यापन गर्न शिक्षकको आवश्यकता परेको हुनाले वि.व्य.स.को मिति २०८०/०८/२५ को निर्णय अनुसार विज्ञापन प्रकाशन गरिएको छ। तोकिएको मितिभित्र तपसिल बमोजिमको विवरणसहित नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।

**तपसील**

- **विज्ञापन नं. : ०२/२०८०**
  - आवश्यक संख्या : २
  - पद : कम्प्युटर शिक्षक
- तह : आधारभुत तह
- न्यूनतम शैक्षिक योग्यता : १२ कक्षा उत्तीर्ण वा सो सरह र कम्प्युटरमा डिप्लोमा गरेको।
- तलब भत्ता : वि.व्य.स. ले तोके बमोजिम।
- परीक्षाको किसिम : लिखित तथा मौखिक, प्रयोगात्मक (आवश्यक परेमा मात्र)।
- उमेर : १८ वर्ष पूरा भएको, ४० वर्ष ननाघेको।
- दरखास्त दिने अन्तिम मिति : २०८०/०९/१७, दिउँसो ४:०० बजेसम्म।
- सम्पर्क मिति : २०८०/०९/१८
- प्राथमिकता : माथिल्लो योग्यता भएकालाई तथा कम्प्युटरमा Advance course गरेकालाई प्राथमिकता दिइनेछ।
- **संलग्न गर्नु पर्ने प्रमाणित कागजातहरु:**

१) हस्तलिखित निवेदन १ प्रति।
२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति।
३) शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि १ प्रति।
४) कम्प्युटर तालिमको प्रमाणपत्रको प्रतिलिपि १ प्रति।
५) हेटौंडाको राष्ट्रिय वाणिज्य बैंकमा रहेको यस विद्यालयको च.हि.न.: १३००१००००२३८९००१ मा रु. १,०००।०० जम्मा गरेको सक्कल भौचर १ प्रति।

सम्पर्क फोन न.: ९८४५६२२०५६, ९८५५०७२००१, ९८४५८००९७७, ९८४५४५५६१८

**प्रधानाध्यापक**

## दरभाउ आब्हान सम्बन्धि सूचना

*सूचना प्रकाशित मितिः २०८०/०८/२९ गते*

*सुचना नम्बरः- ००१*

यस दिगो विकासका लागी एकता नेपालले LiScha Himalaya e.V. को आर्थिक सहयोगमा सन्चालित "शिक्षा तथा स्वास्थ्य सहयोग कार्यक्रम II" अन्तर्गत आवश्यक पर्ने तपशिल बमोजिमको सामग्रीहरू प्रथम पटक प्रकासित सुचनाको व्योहोरा अनुसार सार्वजनिक खरिद ऐन २०६३ बमोजिम ईजाजत प्राप्त ब्यापारीक कम्पनि/फर्मलाई, कम्पनि/फर्मको दर्ता प्रमाण पत्र र गत आर्थिक वर्षको व्यापारिक करचुक्ता गरेको प्रमाणपत्रसहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्रमा रितपुर्वक दरभाउपत्र पेश गर्न आब्हान गरिन्छ।

**शर्तहरू :-**

क. बोलपत्र संस्थाको कार्यालयबाट प्राप्त गर्न सकिने छ। बोलपत्र निर्धारित ढांचामा, बोलपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले रीत पूर्वक सहीछाप तथा सिलबन्दी गरी बोलपत्रदाता आफैंले वा आफनो प्रतिनिधी मार्फत वा हुलाक वा कुरियर मार्फत बोलपत्र पेश गर्नु पर्ने स्थानमा बोलपत्र पेश गर्ने अन्तिम मिति र समय भित्रै पेश गर्नु पर्नेछ वा आईपुग्नु पर्नेछ। सो समय भित्र आई नपुगेको निबेदन उपर कुनै पनि कारबारी गरिने छैन।

ख. यसमा उल्लेख नभएको व्योहोराको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ।

ग. रितपुर्वक दरभाउ पत्र नआएमा वा अन्य कुनै व्योहोरा परेमा दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने वा सुचना रद्द गर्ने वा सुचना संसोधन गर्ने लगाएतका सम्पूर्ण अधिकार यस कार्यालयलाई नै हुनेछ।

घ. दरभाउपत्र पेश गर्ने अन्तिम मिती २०८०-९-१३ दिनको १:०० बजेसम्म र खोल्ने मिती सोही दिनको २:३० बजे हुनेछ।

ङ. छनौट हुने आपुर्तिकर्ताले संस्थाको शाखा कार्यालय राप्ती-१, महादेवटारमा निर्धारित समयमा निर्धारित परिमाणमा आपुर्ती दिनुपर्नेछ।

च. यस आपुर्ती सम्बन्धी अन्य जानकारीका लागी कार्यालयको फोन ९७४२५५९७०४, राप्ती-१, महादेवटार, चितवनमा सम्पर्क गर्न सकिनेछ।

**तपशिल:-**

| क्र.स. | ठेक्का नम्बर | सामानको बिवरण | बोलपत्र बापत दस्तुर |
|---|---|---|---|
| १. | ००१-०१-२०८०/०८१ | खाजा तथा खानाका लागी आवश्यक खाद्यान्न तथा अन्य सामग्रीहरु | रु. १,०००/- |

# जग्गा कब्जा गर्न खोज्ने ७ जना पक्राउ



*जग्गा हडप्न खोज्नेलाई नियन्त्रणमा लिँदै प्रहरी ।*

समाज संवाददाता

हेटौँडाः सुकुम्बासीको नाममा ऐलानी जग्गा हडप्न खोजेको भन्दै ७ जनालाई मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ । सोमबार प्रहरीले बिहान १० बजेको समयमा हेटौंडा-८, स्थित देवनगरमा रहेको करिव ९ बिगाहा सरकारी ऐलानी जग्गामा विभिन्न क्षेत्रहरुबाट आएका मानिसले आफुलाई सुकुम्बासी बताई बासको किलो ठोकी आफुहरु बस्ने भन्दै जग्गा हडप्न लागेको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ ।

प्रहरीले हेटौंडा-१० बस्ने ३१ वर्षीया बसन्ती लामा, हेटौंडा-८ बस्ने २६ वर्षीया सरिता मोक्तान, ३२ वर्षीया सीता माया नेगी, २२ वर्षीया पन्छिमाया नेगी, ५५ वर्षीय दिनेश तामाङ, ३५ वर्षीय हस्त बहादुर स्याङ्तान र २६ वर्षीय बिनोद कुमार श्रेष्ठलाई नियन्त्रणमा लिएको छ । आइतबार बिहान देवनगरमा रहेको ऐलानी जग्गामा आफूहरु सुकुम्बासी भन्दै जग्गा छुट्याउन लागेका ४ सयभन्दा बढी मानिसलाई वडा कार्यालयले नगर प्रहरी र जिल्ला प्रहरी कार्यालय मकवानपुरको सहयोगमा हटाएको थियो ।

आइतबार बिहान २ बजेको समयमा आफूलाई सुकुम्बासी भन्नेहरुले श्रमिक टोलमा रहेको करिब ९ बिगाह जग्गामा किला गाडेको स्थानीयले देखेपछि वडा अध्यक्षलाई खबर गरेका थिए । एक स्थानीयले भने, 'बिहानको समयमा ४ सयभन्दा धेरैको संख्यामा मानिस आएर जग्गा छुट्याउन थाले । हामीले वडा अध्यक्षलाई खबर गर्‍यौं । वडा अध्यक्ष आएपश्चात् नगर प्रहरी र जिल्लाका प्रहरी बोलाएर उनीहरुलाई लखेटियो ।' कब्जा गर्न खोजिएको जग्गा व्यक्तिले भोगचलन गर्दै आएको र उसको मृत्यु भइसकेपछि छोराहरुले प्लटिङ गरेर बेचेको स्थानीयको दावी छ । जग्गा खाली नै रहेकाले कब्जा गर्न खोजिएको स्थानीयको भनाइ छ । जग्गा भाग लगाउन आउनेहरु मनहरी, फापरबारी, निजगढलगायतका स्थानको भएको स्थानीयले जानकारी दिएका छन् ।

स्थानीयको खबरअनुसार आफू श्रमिक टोलमा पुग्दा करिब ४ सयको संख्यामा अन्यत्रबाट आएका मानिसहरु जग्गा भाग लगाइरहेको अवस्थामा फेला पारी उनीहरुलाई नगर प्रहरी र जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी बोलाई अन्यत्र पठाइएको वडा अध्यक्ष रामकृष्ण थापाले जानकारी दिनुभयो । अध्यक्ष थापाले भन्नुभयो, 'स्थानीयले अन्यत्रबाट मानिस आएर त्रिपाल टाँगेर बसेको मलाई जानकारी आयो । म त्यहाँ गएँ । तपाईंहरु कहाँबाट आएको भन्दा कोहीले मनहरी, राक्सिराङ, निजगढ, फापरबारीबाट आएको बताए । मैले आफ्नो वडाका मानिसलाई जग्गा दिन नसकेको अवस्थामा तपाईंहरुलाई जग्गा म दिन सक्दिन भनी नगर प्रहरी र प्रहरी प्रशासनको सहयोगमा तितरबितर गरेर उनीहरुलाई हटाएँ ।'

त्यहाँ जग्गा रहेको भनी जनता समाजवादी पार्टी मकवानपुरका जिल्ला अध्यक्ष सोम घलानले उनीहरुलाई पठाएको थापाले बताउनुभयो । सोम घलानसँग पटक-पटक सर्वदलीय बैठक बोलाएर छलफल गरेको उहाँले जानकारी दिनुभयो । पछिल्लो चरणमा समस्या आएपछि घलानसँग पुनः छलफल गरे पनि सहमति नभएको थापाको भनाइ छ । सुकुम्बासीलाई कसले पठाएको भनेर सोध्दा सोम घलानले पठाएको भनेर उनीहरुले जवाफ दिएको थापाले बताउनुभयो । अध्यक्ष थापाले भन्नुभयो, 'सुकुम्बासीले जग्गा पाउने विधि प्रक्रिया हुन्छ । त्यसका लागि आवेदन दिनुपर्ने, अनुसूची फारम भर्नुपर्ने हुन्छ । फारम भरेको आधारमा निस्सा पाउने र निस्सा पाउनेको जग्गा नापी हुन्छ भनेर मैले सम्झाएँ । तपाईंहरु एक्कसी आएर सार्वजनिक जग्गामा कब्जा गरेर जग्गा पाउनुहुन्न भनेर सम्झाउँदा उहाँहरु मान्नुभएन', वडा अध्यक्ष थापाले भन्नुभयो, 'त्यसैले प्रहरीको सहायतामा उहाँहरुलाई मैले हटाएँ ।'

# दोलखामा बालक, सिन्धुलीमा युवा मृत फेला

समाज संवाददाता

हेटौंडाः दोलखा जिल्लामा एक बालक र सिन्धुली जिल्लामा एक युवा मृत फेला परेका छन् । दोलखा जिल्लाको भिमेश्वर नगरपालिका-१, देउराली मैदानमा बालक मृत अवस्थामा फेला परेको छ । मृत फेला पर्नेमा ११ वर्षीय अविरक उप्रेती रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

उप्रेती मंसिर २७ गते बिहान ११ बजेदेखि हराइरहेका थिए । बेपता भएका उप्रेतीको खोजी गर्नेक्रममा आइतबार दिउँसो ३ बजेको समयमा देउराली मैदानमा मृत फेला परेको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव आफन्तले बुझी लगेको प्रहरीले जनाएको छ । यस्तै सिन्धुली जिल्लाको दुधौली नगरपालिका-३ झुँगामा एकजना युवा मृत फेला परेका छन् । मृतक ३५ वर्षीय सुशील धामी रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । धामी आइतबार बिहान १० बजेको समयमा डकाहा मेलाबाट फर्की सुतेकोमा दिउँसो ४ बजेको समयमा सुतेको ठाउँमा मृत अवस्थामा मृत फेला परेको थिए । धामीले मादक पदार्थ सेवन गरेको पाइएको प्रहरीले जानकारी दिएको छ । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि प्राथमिक स्वास्थ्य केन्द्र सिर्थौली लगिएको प्रहरीले जानकारी दिएको छ ।

# टुटेपानीमा आगलागी, १० लाख रुपैयाँ बराबरको क्षति

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३, टुटेपानीस्थित उत्तम गुम्जाको गोठमा आगलागी हुँदा १० लाख रुपैयाँ बराबरको क्षति भएको छ । आइतबार साँझ ६ बजेर ३० मिनेटको समयमा गुम्जाको घरसँग जोडिएको जस्ता र काठले बनेको गोठमा अचानक आगलागी भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आगलागीबाट गोठभित्र रहेको दुई वटा राँगाको अगाडि र पछाडिका खुट्टामा जली घाइते भएको छ । आगलागीमा १५ सय केजी मकै, सालको काठ ३५० क्युफिट, जस्तापाता १३५ थान जले नष्ट हुँदा ९ लाख ७० हजार रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनाएको छ । प्रहरी, स्थानीय र दमकलको सहयोगमा आइतबार राती ७ बजेर ३० मिनेटको समयमा आगलागी नियन्त्रणमा लिएको र मानवीय क्षति नभएको प्रहरीले जनाएको छ ।

# ब्रह्मदिक् एकेडेमीको खेलकुद सप्ताह सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, कमलडाँडास्थित ब्रह्मदिक् एकेडेमीको खेलकुद सप्ताह सुरु भएको छ । आइतबार हेटौंडा-५ स्थित पिप्ले-क्याम्पा रंगशालामा सुरु भएको खेलकुद सप्ताहको उद्घाटन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुमार बानियाँको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिका ५ नम्बर वडाका अध्यक्ष सुशील घिमिरेको प्रमुख आतिथ्यमा भएको । सप्ताहको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै वडा अध्यक्ष घिमिरेले शिक्षा सँगसँगै खेलकुद तथा अतिरिक्त क्रियाकलापलाई पनि महत्व दिएकोमा धन्यवाद व्यक्त गर्नुभयो ।

"स्वास्थ्यका लागि खेलकुद, राष्ट्रयका लागि खेलकुद" भन्ने कुरालाई मध्य नजर गर्दै विद्यार्थीलाई मनोरञ्जन गराउन, विद्यार्थीहरुमा लुगेको प्रतिभालाई प्रदर्शन गर्ने उद्देश्यले खेलकुद सप्ताहको आयोजना गरिएको ब्रह्मदिक् एकेडेमीले जनाएको छ । खेलकुद सप्ताहको उद्घाटन समारोहमा विद्यार्थीले मार्चपाससँगै थारु र नेवारी नृत्य पनि प्रदर्शन गरेका थिए । यस्तै खेलतर्फ एथ्लेटिक्स, फुटबल, भलिबल तेक्वान्दोको काता समावेश गरिएको छ । मंगलबारसम्म संचालन हुने खेलकुद सप्ताहको उद्घाटन समारोहमा हेटौँडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका प्रमुख हरिचन्द्र सापकोटाको पनि उपस्थिति रहेको थियो ।

# दुर्घटनामा चार जिल्लामा ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको चार जिल्लाका फरक-फरक स्थानमा भएको घटनामा पाँच जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा चितवनका दुई जना, नुवाकोट, सिन्धुपाल्चोक र काभ्रेकका एक-एक जना रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जनाएको छ ।

शनिबार साँझ ६ बजेको समयमा बरुवाबाट भरतपुर जाँदै गरेको बागमती प्रदेश ०३०४ प ८९१७ नम्बरको मोटरसाइकललाई पहिचान नभएको सवारी साधनले ठक्कर दिँदा माडी नगरपालिका-२ का ६० वर्षीय वडासदस्य जीवलाल लुइटेलको मृत्यु भएको छ । वडासदस्य लुइटेलको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ । ठक्कर दिने सवारी साधन फरार रहेको र खोजी कार्य भइरहेको जनाएको छ । यस्तै शनिबार नै चितवनमा बिहान ७ बजेर ३५ मिनेटको समयमा ईच्छाकामना गाउँपालिका-४ एक जना पुरुष मृत फेला परेका छन् । सोही ठाउँस्थित सार्वजनिक पार्किङस्थलमा भारत युपी प्रदेशका बलरामपुर अमुवा सिपुराबाट युपी ६५ एटी ८३९५ नम्बरको बसमा मनकामना दर्शनका लागि ५४ जना आएकामध्ये सिपुराका ८५ वर्षीय रामजेश मैरिया मृत फेला परेका हुन् । घटनाको अनुसन्धान गर्दा प्युठानको नौबहिनी गाउँपालिकास्थित लुप्लुङ माविबाट शौक्षिक अवलोकन भ्रमणमा आएका रा १ ख ३११७ नम्बरको बस पछाडी गर्ने क्रममा ठक्कर दिएको भनी खुल्न आएको प्रहरीले जनाएको छ । प्रहरीले बस चालकलाई नियन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको जनाएको छ ।

यस्तै शुक्रबार राति नुवाकोटको मेघाङ गाउँपालिका-२ का ७० वर्षीय लक्ष्मण तामाङ मृत फेला परेका छन् । तामाङ घरदेखि १ सय मिटर पुर्व आफ्नै कोदो बारीमा मृत फेला परेको प्रहरीले जनाएको छ । यस्तै शुक्रबार साँझ ७ बजेर ३० मिनेटको समयमा सिन्धुपाल्चोकको मेलम्ची नगरपालिका-१२, बासबारीकी ३२ वर्षीया पार्वती सुनार सुतिरहेको अवस्थामा मृत फेला परेकी छन् । सुनार आफ्नो घरबाट माईतीघर आएर मादक पदार्थ सेवन गरी सुतिरहेको अवस्थामा मृत फेला परेकी हुन् । यस्तै शनिबार बिहान १० बजेर ४० मिनेटको समयमा काभ्रेको मण्डनदेपुर नगरपालिका-१० की ६५ वर्षीय कान्छी परियार मृत फेला परेकी छन् । परियार घरदेखि ४ मिटर पर छिमेकीको बारीमा मृत फेला परेको जनाएको छ । शनिबार साँझ ६ बजेर ५ मिनेटको समयमा शवलाई पोष्टमार्टमका लागि धुलिखेल अस्पताल पठाइएको जनाएको छ ।

# कमानेमा महोत्सव हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-८, कमानेमा व्यापार प्रवर्द्धन एवम् प्रदर्शनी मेला हुने भएको छ । आइतबार पत्रकार सम्मेलनको आयोजना गरी आगामी शुक्रबार र शनिबार कमाने व्यापार प्रवर्द्धन एवम् प्रदर्शनी मेला हुने आयोजकले जानकारी गराएको हो ।

वडा कार्यालयको वार्षिक कार्यक्रमअन्तर्गत् 'स्थानीय व्यापार, स्थानीय प्रवर्द्धन, स्थानीय प्रदर्शनी' भन्ने नाराका साथ वडाभित्र रहेका स्थानीय व्यापार व्यवसाय, कला, सांस्कृतिक पहिचान र प्रदर्शनी गर्ने उद्देश्यले महोत्सवको आयोजना गर्न लागिएको बताउँदै वडामा रहेका १९ वटै टोल विकास संस्थाको उत्पादनलाई प्रवर्द्धन गरिने आयोजकले जनाएको छ । मेलामा वडामा नै उत्पादन भएका वस्तुहरु रहने आयोजकको भनाइ छ ।

स्थानीय सरकारले भौतिक क्षेत्रमा भन्दा पनि सामाजिक, महिलाको क्षेत्रमा धेरै लगानी गरी महिला समूहमा सीप सिकाएकाले त्यसबाट उत्पादन भएका सामग्री प्रदर्शन गर्ने उद्देश्यले मेलाको आयोजना गर्न लागिएको वडा अध्यक्ष रामकृष्ण थापाले बताउनुभयो । राज्यले सन् २०३० सम्ममा दिगो विकासको लक्ष्य हासिल गर्न खोजेको बताउँदै यस्ता मेला वडामा गर्दा विकासमा टेवा पुग्ने थापाले धारणा राख्नुभयो ।

कमानेको निमचोकदेखि सागरचोकसम्म १५० मिटर सडक क्षेत्रमा महोत्सव गर्न लागिएको प्रचारप्रसार संयोजक सुदीप गिरीले जानकारी दिनुभयो । 'कमानेको किनौं, कमानेलाई चिनौं' भन्दै महोत्सवलाई सफल पार्न गिरीले आग्रह गर्नुभयो ।

महोत्सवमा ७० वटा स्टल रहने बताउँदै महोत्सव संयोजक विष्णुप्रसाद अर्जेलले संस्थागत रुपमा आउने १९ वटा टोल विकास संस्थालाई स्टल निःशुल्क गरिने जानकारी दिनुभयो । व्यक्तिगत नाफा कमाउने उद्देश्यले आउने व्यक्तिलाई स्टलको २ हजार रुपैयाँ शुल्क लाग्नेछ भने वडा बाहिरका व्यवसायीले वडाको सिफारिससहित आएमा २ हजार रुपैयाँ शुल्क लाग्ने र अन्य व्यक्तिगत नाफा कमाउने उद्देश्यले आउनेलाई ३ हजार रुपैयाँ शुल्क लाग्ने बताइएको छ ।

मेलामा हेटौंडा उपमहानगरका १९ वडाबाहेकको अन्य स्थानको स्टल नरहने आयोजकले जनाएको छ । महोत्सवमा बालबालिकाको प्रस्तुति रहने बताउँदै सांस्कृतिक कार्यक्रम हुने आयोजकले जनाएको छ । महोत्सवमा ७ लाख रुपैयाँ खर्च हुने आयोजकले अनुमान गर्रिको छ । ३ लाख रुपैयाँ वडाबाट बजेट विनियोजन भएको छ भने ३ लाख रुपैयाँ नगरपालिकाले दिने र एक लाख रुपैयाँ मेलाबाट आर्जन गर्ने लक्ष्य लिएको आयोजकले जनाएको छ ।

# मोबाइल पत्रकारिता तालिम सम्पन्न


समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सञ्चार रजिष्ट्रार कार्यालयले आयोजना गरेको मोबाइल पत्रकारिता तालिम सम्पन्न भएको छ । प्रदेशभित्रका पत्रकारहरुलाई लक्षित गरेर मंगलबारबाट रामेछापको मन्थलीमा सुरु भएको तालिम शनिबार सम्पन्न भएको हो ।

तालिम समापन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बागमती प्रदेशसभा सदस्य युवराज चौलागाईले अहिले सञ्चारको क्षेत्रमा मोबाइल पत्रकारिताको आवश्यकता रहेको बताउनुभयो । उहाँले प्रविधिको सही सदुपयोग गर्दै पत्रकारितालाई अगाडि बढाउन आवश्यक रहेको बताउनुभयो । पछिल्लो समयमा प्रविधिको दुरुपयोग भइरहेको बताउनुहुँदै उहाँले यसप्रति सञ्चारकर्मी सचेत हुनुपर्ने बताउनुभयो ।

सञ्चार रजिष्ट्रार कार्यालयका प्रमुख रेवती सापकोटाले सूचना प्रविधि आजको आवश्यकता भएको बताउनुभयो । बागमती प्रदेशले प्रदेशभित्रका पत्रकारहरुको समाचार लेखन र वाचनशैलीलाई गुणस्तरीय बनाउने उद्देश्यले विभिन्न तालिमहरु सञ्चालन गर्दै आइरहेको उहाँले बताउनुभयो । उहाँले पत्रकारितालाई गुणस्तरीय बनाउन पत्रकार आफैंले मिहिनेत गनुपर्ने बताउनुभयो । सञ्चार रजिष्ट्रार कार्यालयले आगामी हिउँदे अधिवेशनमा मौलिक चलचित्र निर्माण गर्ने कार्यविधि स्वीकृतिको चरणमा रहेको बताउनुभयो । चलचित्रमा प्रदेशको मौलिकता झल्किने खालको दृश्यहरु समावेश गरिने उहाँले बताउनुभयो । उहाँले पत्रकारिता गर्न इच्छुकहरुलाई तालिम प्रदान गर्दै आइरहेको बताउनुभयो ।

तालिममा फोटो प्रशिक्षकहरु विकास कार्की र नसना बज्राचार्यले फोटो र भिडियो खिच्न र इडिट गर्नेबारे प्रशिक्षण दिनुभएको थियो । तालिममा मकवानपुर, रामेछाप, काभ्रे, सिन्धुली, दोलखा, भक्तपुर र सिन्धुपाल्चोकका २३ जना पत्रकारहरुको सहभागिता रहेको थियो ।




**वैदेशिक रोजगारमा जाँदा सचेत रहौँ**

- आधिकारिक कागजातका आधारमा मात्र वैदेशिक रोजगारमा जाऔँ ।
- वैदेशिक रोजगारीमा पठाउने व्यक्ति वा संस्था आधिकारिक हो, होइन यकिन गरौँ ।
- वैदेशिक रोजगारीका लागि पर्यटक भिसाको प्रयोग नगरौँ ।
- श्रम स्वीकृति लिएरमात्र वैदेशिक रोजगारीमा जाऔँ ।
- श्रम स्वीकृतिबिना वैदेशिक रोजगारीमा जाने कामदारहरुले :
  - करारबमोजिम काम र सुविधा नपाउने,
  - विदेशी भूमिमा पीडित बन्नुपर्ने,
  - स्वदेश फर्कन कठिनाई हुने,
  - कतिपय अवस्थामा जेल सजायसमेत भोग्नुपर्ने,
  - ज्यानसमेत गुमाउनु पर्ने लगायतका अवस्था आउन सक्छन् ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ